आज मिति २०८१ साल श्रावण ०६ गते आईतबारका दिन यस मण्डनदेउपुर नगरपालिकाका नगर प्रमुख श्री टोक बहादुर तामाङको अध्यक्षतामा मण्डनदेउपुर नगरपालिका, नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १० बमोजिम ४३औं बैठक बसी निम्न पदाधिकारीहरूको उपस्थितिमा देहायबमोजिम निर्णयहरू गरियो ।

उपस्थिति

| क्र.सं. | पद | कार्यालय | नाम, थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | मण्डनदेउपुर न.पा. | श्री टोकबहादुर तामाङ | | |
| २ | नगर उपप्रमुख | मण्डनदेउपुर न.पा. | श्री विष्णुमणि नेपाल | | |
| ३ | वडा अध्यक्ष | वडा नं. १ | श्री शिवप्रसाद ढकाल | | |
| ४ | वडा अध्यक्ष | वडा नं. २ | श्री राजकुमार मल्ल | | |
| ५ | वडा अध्यक्ष | वडा नं. ३ | श्री पुरूषोत्तम बंजगाईं | | |
| ६ | वडा अध्यक्ष | वडा नं. ४ | श्री मैतेसिं तामाङ | | |
| ७ | वडा अध्यक्ष | वडा नं. ५ | श्री हर्कबहादुर लामा | | |
| ८ | वडा अध्यक्ष | वडा नं. ६ | श्री सोमप्रसाद ढकाल | | |
| ९ | वडा अध्यक्ष | वडा नं. ७ | श्री विष्णुप्रसाद पौडेल | | |
| १० | वडा अध्यक्ष | वडा नं. ८ | श्री निरन्जन विष्ट | | |
| ११ | वडा अध्यक्ष | वडा नं. ९ | श्री सिताराम श्रेष्ठ | | |
| १२ | वडा अध्यक्ष | वडा नं. १० | श्री कुमार तामाङ | | |
| १३ | वडा अध्यक्ष | वडा नं. ११ | श्री दिपेन्द्र लामा तामाङ | | |
| १४ | वडा अध्यक्ष | वडा नं. १२ | श्री राजकुमार पराजुली | | |
| १५ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सुनकुमारी तामाङ | | |
| १६ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री रिता रोक्का | | |
| १७ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री मैयादेवी तिवारी | | |
| १८ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सविना विसुन्खे रम्तेल | | |
| १९ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सावित्री दमाई | | |
| २० | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सूर्यबहादुर राई | | |
| २१ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री विकासकुमार राई | | |
| २२ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री भेषबहादुर वि.क. | | |
| २३ | सदस्य सचिव | प्र. प्र. अ. | लक्ष्मी प्रसाद बास्कोटा | | |
| २४ | [illegible] | | राजेन्द्र तामाङ | | |
| २५ | | | | | |
| २६ | | | | | |
| | | | | | |

टोक बहादुर वाईबा
नगर प्रमुख

मण्डनदेउपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, महादेवस्थान, काभ्रेपलाञ्चोक, बागमती प्रदेश, नेपाल २०७३

## २०८१।०४।०६ गतेको नगर कार्यपालिकाको ४३औं बैठकका विषयवस्तुहरू (एजेन्डाहरू)

१. मिति २०८१/०३/२३ गतेको कार्यपालिकाको ४२ औं बैठकको निर्णय समीक्षा सम्बन्धमा।

२. बागमती प्रदेश सरकारको प्रदेश आर्थिक ऐन,२०८१ मा कायम भएको ढुङ्गा गिट्टी बालुवाको दररेट सम्बन्धमा।

३. विविध

### निर्णयहरु

**निर्णय नं.१**

नगर कार्यपालिकाको मिति २०८१/०३/२३ गते बसेको ४२ औं बैठकले गरेका निर्णयहरुको कार्य प्रगतिको प्रस्तुति तथा छलफल गरी निर्णय कार्यान्वयनको समीक्षा गरियो।

**निर्णय नं.२**

मण्डनदेउपुर नगरपालिकाले बागमती प्रदेश सरकारको प्रदेश आर्थिक ऐन,२०८० बमोजिम ढुङ्गा गिट्टी बालुवा ठेक्का सूचना प्रकाशन गरी सोहि बमोजिम बढावढमा उच्चतम रकम कबोल गर्ने श्री सुदिपा ट्रेडिङ कम्पनी प्रा. लि. संग मिति २०८१/०३/३१ गते सम्झौता भएको तथा मिति २०८१/०३/०४ गते श्री सुदिपा ट्रिडिङ कम्पनी प्रा. लि.ले बागमती प्रदेश सरकारको प्रदेश आर्थिक ऐन,२०८१ बमोजिम ढुङ्गा गिट्टी बालुवा (खानी क्षेत्र बाहेक) मा दररेट परिवर्तन भएकोले सम्झौता रकम समायोजन गरी पाउँ भनी पेश गरेको निवेदन सम्बन्धमा छलफल गरियो। संघ र प्रदेश सरकारको राय तथा कानुनी परामर्शबाट मात्र निष्कर्षमा पुग्ने निर्णय गरियो।

**निर्णय नं.३ विविध**

क. कुन्ताबेशी चोकदेखि ढाईटार जाने सडकको चाखोला पुलमा खोला कटानले पुर्याएको क्षतिलाई न्यूनिकरण गर्न प्राविधिक लागत अनुमान बमोजिम कटान रोकथामको काम तत्काल अगाडी बढाउने निर्णय गरियो।

ख. नयाँगाउँ नगरकोट सडक खण्ड अन्तरगत महाकाली मा.वि. नजिक पहिरो गई क्षति भएकोले पहिरो रोकथाम गरी उक्त ठाउँमा थप क्षति हुन नदिन बागमती प्रदेश सरकारको भौतिक पूर्वाधार विकास कार्यालय र अन्य सम्बन्धित कार्यालयहरुलाई क्षति भएको स्थानमा आवश्यक निर्माणका लागि पत्रचार गर्ने निर्णय गरियो।

ग. मथुरे कमारेकोट खानेपानी व्यवस्थापनका लागि स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश गर्न खानेपानी प्राविधिकलाई खटाउने निर्णय गरियो।

घ. नगरपालिका कार्यालय, वडा कार्यालय, अस्पताल, स्वास्थ्य संस्थाहरुमा करार, दैनिक ज्यालादारीमा कार्यरत कर्मचारी र सुरक्षा गार्डको म्याद २०८१ असोज मसान्त सम्म थप गर्ने निर्णय गरियो।

ङ. जग्गाको छुट दर्ता किटानी सिफारिस गर्दा प्रचलित जग्गाको मुल्याङ्कन बमोजिम प्रतिरोपनीको आधारमा नगरपालिकामा राजश्व बुझाउने र त्यसपश्चात मात्र वडा कार्यालयबाट सिफारिस गर्ने तथा सुत्रमा आधारित कर संकलन प्रणाली सफ्टवेयर र नगरपालिकामा साविकमा प्रयोग गरिएको सफ्टवेयर दुबै प्रणालीमा नभएका वा विगत गाविस हुँदाको मालपोत कर नतिरेका करदाताहरुबाट पहिलो पटक कर संकलन गर्दा सफ्टयेरमा इन्ट्री गर्नुपर्ने हुँदा त्यस्ता प्रकारका करदाताहरुको कर नगरपालिकाको कार्यालयबाट मात्र संकलन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

टोक बहादुर वाईबा
नगर प्रमुख